रत्ननगर नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड ४ संख्या २ मिति : २०७८।०३।१८

## भाग–१

## संस्था दर्ता ऐन २०७८

**रत्ननगर नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

बाग्मती प्रदेश

चितवन, नेपाल

**प्रस्तावना :**

स्थानीय स्तरमा सामाजिक, धार्मिक, साहित्यिक, साँस्कृतिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक, व्यावसायिक तथा परोपकारी संस्थाहरुको दर्ता नवीकरण, सञ्चालन तथा व्यवस्थापन गर्न बाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ समेतले दिएको अधिकार प्रयोग गरी रत्ननगर नगरपालिकाको नवौं नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस यस ऐनको नाम "रत्ननगर नगरपालिकाको संस्था दर्ता ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन रत्ननगर नगरपालिका क्षेत्रभित्र प्रयोग हुनेछ ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखी लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस ऐनमा,-

(१) "कार्यालय" भन्नाले नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(२) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(३) "नगरपालिका" भन्नाले रत्ननगर नगरपालिकालाई सम्झनु पर्दछ ।

(४) "समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको संस्था सञ्चालन समिति सम्झनु पर्दछ ।

(५) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, साँस्कृतिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक शारीरिक, आर्थिक, व्यावसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लब, मण्डल, परिषद, अध्ययन केन्द्र आदि सम्झनुपर्छ र सो शब्दले मैत्रीसंघ समेतलाई जनाउँछ ।

३. **दर्ता नगरी संस्था खोल्न नहुने :** यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्न हुँदैन ।

**४. संस्थाको दर्ता :**

(१) संस्था स्थापना गर्न चाहने सात जना वा सो भन्दा बढी व्यक्तिले देहायको विवरण खुलाई संस्थाको विधान दुई प्रति र तोकिएको दस्तुर सहित नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ :-

(क) संस्थाको नाम,

(ख) उद्देश्य,

(ग) समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,

(घ) आर्थिक श्रोत,

(ङ) कार्यालय रहने ठेगाना,

(च) संस्थाको छाप ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि कार्यालयले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ताको प्रमाण-पत्र दिनेछ ।

(३) कार्यालयले संस्था दर्ता नगर्ने निर्णय गरेमा पन्ध्र दिन भित्रमा सो सूचना निवेदकलाई दिनु पर्नेछ । निवेदकले सूचना प्राप्त गरेको मितिले पैंतिस दिनभित्र त्यस्तो निर्णय उपर नगरपालिका समक्ष उजूर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको उजुरी प्राप्त भएपछि नगरपालिकाले आवश्यक जाँचबुझ गरी दर्ता गर्न मनासिब ठहराएमा प्रमुख प्रशासकीय अधिकृतले संस्था दर्ता गरिदिनु पर्नेछ ।

(५) संस्था दर्ता गरी दिइने प्रमाणपत्रको ढाँचा, अवधि, नवीकरण प्रक्रिया र दर्ता तथा नवीकरण दस्तुर तोकिए बमोजिम हुनेछ ।

**५. संगठित संस्था मानिने :**

(१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र वेचबिखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ ।

**६. संस्थाको सम्पत्ति :**

(१) संस्थाको सदस्य वा कर्मचारी लगायतका व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा नगरपालिकाले सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्ने व्यक्तिबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।

(२) संस्थाको सदस्य वा कर्मचारीले संस्थाको सम्पत्ति, कागजात, प्रतिष्ठा विरुद्ध अपराध वा विगार गरेमा संस्थाले प्रचलित कानुन बमोजिम कारवाही चलाउन सक्नेछ ।

**७. यो ऐन स्वीकृत हुनु अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्ने :**

(१) यो ऐन, प्रारम्भ हुनु भन्दा अघि साविक जिल्ला विकास समिति र नियमानुसार यस नगरपालिकामा काम हस्तान्तरण हुने कार्यलयमा तत्काल प्रचलित कानुन बमोजिम दर्ता भई संचालनमा रहेका संस्थाले यो ऐन प्रारम्भ भएको मिंतिले तीन महिनाभित्र नगर कार्यपालिकाको कार्यालयमा अनिवार्य दर्ता हुनुपर्नेछ । आर्थिक वर्ष समाप्तिको तीन महिना भित्र नियमित रुपमा नवीकरण गर्नु पर्नेछ ।नगरपालिकाले आवश्यकता महसुस गरेमा तीन महिनाका लागि नवीकरणको म्याद थप गर्न सक्नेछ ।

**८. संस्थाको उद्देश्य हेरफेर :**

(१) संस्थाको उद्देश्यमा हेरफेर गर्न आवश्यक देखेमा वा संस्थालाई अर्को संस्थामा गाभ्न उचित ठानेमा सञ्चालन समितिले संस्थाको विधान बमोजिम सभाबाट निर्णय गराउनु पर्नेछ ।

(२) संस्थाका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा पारित भएको मानिनेछ । तर, प्रस्ताव कार्यान्वयन गर्न नगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।

**९. प्रगति विवरण पेश गर्नु पर्ने :** समितिले आफ्नो संस्थाको आयव्यय, लेखा परीक्षण प्रतिवेदन र साधारण सभाको निर्णय सहित बार्षिक प्रगति प्रतिवेदन प्रत्येक वर्ष नगरपालिकामा पेस गर्नु पर्नेछ ।

**१०. हिसाब जाँच गर्ने :**

(१) नगरपालिकाले आवश्यक देखेमा संस्थाको हिसाब कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए वापत नगरपालिकाले हिसाब जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमबाट हिसाव जाँच दस्तुर असूल गरी लिन सक्नेछ ।

(३) हिसाव जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाबे जाँच गर्ने अधिकृतले नगरपालिकाले तोकिदिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन पेश गर्नु पर्नेछ । प्रतिवेदनको आधारमा संस्थाको सम्पत्ति, पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको पाईएमा नगरपालिकाले सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीबाट हानी नोक्सानी असूल गर्न प्रचलित कानून बमोजिम कारबाई चलाउन सक्नेछ । तर प्रचलित कानुनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानुन बमोजिम मुद्दा चलाउन लगाउनेछ ।

**११. निर्देशन दिने :** नगरपालिकाले संस्थालाई विधान अनुसार कार्य नगरेको अवस्थामा आवश्यक निर्देशन दिन सक्नेछ । निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

**१२. दण्ड सजाय :**

(१) दफा (३) र (७) बमोजिम दर्ता नगराई संस्था स्थापना वा संचालन गरेमा संस्थाको समितिका सदस्यहरुलाई नगरपालिकाले जनही तीन हजार रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।

(२) दफा (९) बमोजिम हिसाबको विवरण नपठाएमा समितिका सदस्यहरुलाई नगरपालिकाले जनही पाँच सय रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ । तर कुनै सदस्यले दफा (९) उल्लङ्घन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोषजनक प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

(३) दफा (१०) को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई नगरपालिकाले पाँचसय रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।

(४) दफा (८) बमोजिम नगरपालिकाको स्वीकृती नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा नगरपालिकाले दिएको निर्देशन पालन नगरेमा नगरपालिकाले त्यस्तो संस्थाको दर्ता निलम्वन गर्न वा खारेज गर्न सक्नेछ ।

**१३. पुनरावेदन :** दफा (६) र दफा (१२) बमोजिम नगरपालिकाले गरेको अन्तिम निर्णय उपर पैंतिस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

**१४. संस्थाको विघटन :**

(१) संस्थाको विधान बमोजिम कार्य सन्चालन गर्न नसकी वा कुनै कारणवश संस्था विघटन भएमा संस्थाको सम्पूर्ण जायजेथा नगरपालिकामा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा जायजेथाले खामे सम्म मात्र नगरपालिकाले व्यहोर्नेछ ।

**१५. अधिकार प्रत्यायोजन :** यो ऐन वा यस ऐन अन्तरगत वनेको नियमावली बमोजिम कार्यपालिकालाई प्राप्त अधिकार आवश्यकता अनुसार प्रमुख प्रशासकीय अधिकृत वा अधिकृतस्तरका कर्मचारी वा वडाहरुलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१६. नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम, कार्यविधि बनाउन सक्नेछ ।

**१७. अन्य कानुन बमोजिम दर्ता वा स्थापना हुने संस्था :** संस्थाको दर्ता वा स्थापना सम्बन्धमा प्रचलित कानुनमा छुट्टै व्यवस्था भएकोमा यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुन बमोजिम हुनेछ ।

**१८. खारेजी र बचाउ :**

(१) नगरपालिका क्षेत्रभित्र संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भई सञ्चालनमा रहेका स्थानीय संघ संस्थाहरु यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ ।

(२) यो ऐनमा भएको व्यवस्था संघीय कानुन वा प्रदेश कानुनसँग बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

आज्ञाले
शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत